# रैथाने मन्थन

**डा. खगेन शर्मा**
**गुवाहाटी विश्वविद्यालय**

14 मे 2017, रैथाने मन्थन, ठुलो आयोजन, मैले पनि निम्तो पाएँ। जान मिल्छ कि मिल्दैन, व्यक्तिगत अप्ठ्यारा पनि छन्। निम्तो पत्रमा एउटा छुट्टै पातो रहेछ, त्यसमा आफ्नो विचार दिनु पर्ने अरे। के विचार राखौँ दिमागले भ्याउ पाएको छैन, तापनि यी कुरी खेलेका छन् –

(1) असममा नेपालीभाषीका सबै सङ्गठनहरू कुनै पनि मुद्दामा छलफल गर्न एकसाथ बस्न सकेका छैनन्, बस्न खोजेर पनि सकेनन्। विगतका केही गतिविधि देख्दा बस्न सक्छन् जस्तो पनि छैन। जब जातीय मुद्दालाई लिएर एकसाथ बस्न सक्दैनन् तब स्वत के अनुमान हुन्छ भने कसैकसैमा चाहिँदो भन्दा बढी अभिमान,स्वार्थ अथवा गलत धारणा रहेको हुँदो हो। यो परम्पराले जातिलाई असर पार्छ, उँभो लाग्न दिँदैन।

(2) सरकारसित बात मार्ने वा छलफलमा बस्ने सङ्गठनहरूले आफूलाई लागेको चिन्ता बाहेक अरू कुरा उठाउँदैनन् वा उठाउने मुडमा हुँदैनन्। जसले गर्दा कतिवटा मुद्दा सधैँ ओझेलमा परिरहेको देखिन्छ। उदाहरणस्वरूप अगोस, अअगोस, आग्सु, जिएसिडिसीले नेपाली भाषा पठनपाठन वा संस्कृतिलाई प्राथमिका दिएको देखिँदैन। असलमा सबै सङ्गठनका लागि भाषा पठनपाठन वा संस्कृति संरक्षण सबैका लागि एक विशेष तथा अनिवार्य मुद्दा हुनु पर्ने हो,तर यस्तो सोचाइ सबैमा रहेको देखिएन। कतिवटा सङ्गठनले सरकारसित के कुरा गरे थाहा पनि पाइँदैन। मूलत एक आपसमा बसेर फलाना फलानाले यो यो मुद्धा लिएर अगि बढ्ने भनेर सल्लाह गरेको भए त ठिकै थियो, तर त्यस्तो वातावरणको सिर्जना भएको देखिँदैन। वास्तवमा धेरै मुद्दा एक आपसमा सम्बन्धित सम्पर्कित हुन्छन्। उता सरकार त हामी मिल्न नसकेको देख्न चाहन्छ नै। त्यसमा उनीहरूलाई फाइदा हुन्छ।

(3) केही सङ्गठन र व्यक्तिको आवेगिक मुद्दामा धेरै समय र ऊर्जा खर्च भएको देखिन्छ। उदाहरणस्वरूप असममा गोर्खा अटोनोमासको माग उठाएको प्राय एक युग पार भयो, तर यो मागले गति पाएन, गति नपाउनुको कारणमा यो बढी इमोसनेल र प्रिमेच्युर माग भएको अनुमान हुन्छ। माग्नै त ठुलो कुरा होइन। जिएसिडिसीले अटोनोमासको मुद्दाको सट्टा आज उठाइरहेको विषय **रैथाने मुद्दा** उठाउँथ्यो भने केही फलिफाप हुन्थ्यो होला। यस बखत पनि रैथाने प्रमाणपत्र माग्दै गर्दा कतिवटा तुरन्त असरकारी अरू माग पनि उठाउँदै गर्नु पर्थ्यो जुन चाहिँ दिनेलाई पनि सजिलो होस लिने वा पाउनेलाई पनि ठुलो फाइदा हुन सकोस्, किनकि रैथाने प्रमाणपत्र दिन सक्छन् कि सक्दैनन् म जान्दिनँ तर चिया श्रमिकले जस्तो हामीले पनि यस भूमिमा मानसिक स्वीकृतिका साथै व्यवहारिक स्वीकृति पाउन सकौँ। जोड्ने माग हुन्– (क) मेडिकेल कलेज,इन्जिनियरिङ कलेज,आइटिआईमा नेपालीभाषीका लागि पनि (चिया श्रमिकलाई जस्तो) सिट रिजर्भ होस् (ख) नेपाली भाषा पठनपाठन र संस्कृति संरक्षणका लागि पर्याप्त प्रावधान गरिओस् (यसबारे 6–7 वटा नीतिगत रूपमा स्वीकृति पाउनु पर्ने महत्वपूर्ण माग छन् आदि।

(4)यस बखत रैथाने र एनआरसीको मुद्दा त सुप्रिम कोर्टमा भर पर्नु परेको छ। आजमल र आम्सुहरू गुनासो पोख्न सुप्रिम कोर्ट पुगे,उनीहरूले आफ्नो पक्ष राख्ने भए,तर हाम्रो पक्ष कसले उठाइदेला ? उनीहरूले प्रधानमन्त्रीलाई पनि मनको दुखेको पोखे। हुनत राज्य सरकार, केन्द्र सरकार र आजमल आम्सुले उठाएको पक्ष वा तर्कले हामीलाई पनि टेवा देला। उता कतिपय हाम्रा सङ्गठनले आरजिआईसम्म मुद्दा उठाएकै छन। जुलाई महिनामा केही थाहा लाग्ला, त्यो बेलासम्म सुप्रिम कोर्टलाई भगवान भाकेर धोका नदेऊ भन्नु सिबाय के पो रह्यो र!!

(5) छविलाल उपाध्याय, बिष्णुलाल उपाध्याय,दलवीर सिंह लोहार, भक्तबहादुर प्रधान, प्रसादसिंह सुब्बा, हरिप्रसाद गोर्खा राई,मनबहादुर छेत्री आदिको त्याग र सेवाको हिसाबकिताब देखाएर हामीले स्वीकृतिको हात थाप्नु परेको छ, आशा गर्नु छ, अहिले छजना स्वहीद पनि हाम्रा सम्पति भएका छन्। परेश बरूवा घर फर्किए भने आल्फामा लागेर मर्ने पनि हाम्रा त्यागी बन्लान्। यसबेला चाहिँ हामीले तथाकथित खिलञ्जियाहरूको मन जित्ने के गरेका छौँ, विगत 30–40 वर्षमा हामीबाट उल्लेखयाग्य ठुलो योगदान के भएको छ, यसको पनि मन्थन हुनु पर्ने हो। शिव थापा संयोगले हाम्रो जातिको सदस्य हुन् तर उनलाई असल अभरको बेलामा कसले टेवा दियो होला ? हाम्रो समाजमा सम्पदलाई टेवा दिने संस्कार वा नियम बस्नै सकेन।

(6)कागजको प्रमाणपत्रको साथसाथै मनको प्रमाणपत्रको पनि ठुलो भूमिका देखिन्छ। पाठ्यपुस्तकमा हामीलाई नेपालबाट आएको भनेर लेखियो भनेर हामी रिसायौं अनि धेरैको भाषणको विषयवस्तु पनि बन्यो, तर कुनै पनि मन्त्री वा अफिसरले यो कुरा लेख्न लेख्न लगाएको होइन अनि मन्त्री वा अफिसरले पाठ्यपुस्तकको पाण्डुलिपि पढेका हुँदैनन्, पढ्दैनन् पनि। त्यो औल्याउँदा सबै अफिसारले तुरन्त गल्ती स्वीकारेर त्यो ठाउँमा के लेख्नु पर्ने सुझाउ मागे। तर यहाँनेर के कुरा चाहिँ ममनयोग्य छ भने त्यो पाठ्यवस्तुको खेस्रा तयार पार्ने वा लेख्ने लेखक चाहिँ तथाकथिक खिलञ्जियाको प्रतिनिधि मानसिकता हो, प्रतिनिधि विचारधारा हो। हामीलाई यहाँका धेरैले कुनै न कुनै समयमा नेपालबाट आएका भन्ने गर्छन्, मलाई नै विश्वविद्यालयमा मेरो घर नेपालको कुन ठाउँमा छ भनेर सोध्छन्;मैले असमिया बोलेको सुन्दा छक्क पर्ने पनि भेटिन्छन्। विश्वविद्यालयका कुनै कुनै एमफिल पिएचडीको शोधकार्यमा नेपाली भाषा साहित्य र जातीयताको सन्दर्भमा जरो चाहिँ नेपालमै जोडिएको देखाउँछन्। इतिहासले देखाएको कुरा देखिन्छ नै। त्यसैले हामीप्रति अरूको दृष्टिकोण बदलिओस् भन्ने उद्देश्यमा पनि हामी खट्न सक्नुपर्छ। कसरी खट्ने भन्ने विषय चर्चा यस लेखमा हुन सक्दैन, लामो हुन्छ।

**(7)** समग्रमा भन्दा शिक्षामा हाम्रा अनुजहरू, भाइबैनीहरू सारै पछि छन्, 10–15 प्रतशितको पढाइ राम्रो भएर के गर्नु ? 85–90 प्रतशितको पढाइ सामान्य हुँदा जातिकै विकासमा बाधा हुन्छ। बेडलोर,पुने, दिल्ली जाने धारालाई बन्द गर्न पाखुरा सुर्केर मात्र हुँदैन, यहीं नै विकल्पको मेहेरो ल्याइदिन सक्नुपर्छ। उन्नत र विभिन्न प्रकारको शिक्षाको विकासार्थ तथा उच्चशिक्षामा प्रोत्साहन दिलाउन काम हुनुपर्छ। बेरोजगारका लागि पनि गरिखाने मेलो र उपायका लागि बाटो देखाउने काम गरिदिनु पर्ने हो। जाति तथा समाजका लागि यो विषय पनि एनआरसी जत्तिकै चुनौतिपूर्ण मान्नुपर्छ। ठुलै संख्यामा हाम्रा मानिस दुई छाक खान पाउनेवाला छन् तर आर्थिक रूपमा पूर्ण स्वाभालम्वी छैनन् जसले गर्दा 2–3 लाखको कार्यक्रम गर्न पनि आयोजकले धेरै पसिना चुहाउनुपर्छ। हाम्रा मानिस गाउँमा बढी छन्,उनीहरूका लागि ग्राम्य अर्थनीति सुधारमा सरकारको योजनामा सक्रिय सहभागी बनी फाइदा लिन अनुप्रेरित गराउनु पर्ने हो। कुनै पनि मानिस आर्थिक रूपमा सबल हुन सकेन भने आदर्श र नीतिका कुरा उसका लागि फोस्रा हुन्छन्, अर्थहीन हुन्छ, काउडीलाई बेल पाकेको जस्तो हुन्छ, सायद यस्तै कारणले मार्क्सवादी चिन्तनले विकास गरेको होला।

(8) मूलत समाजसेवामा लागेका सङ्गठनले शिक्षाको विकासार्थ ठाउँठाउँमा काउन्सिलिङगरी विद्यार्थी र अभिभावकलाई बुझाउने काम गरेको उत्तम होला, शिक्षाको अर्थ बदलिएको छ, बदलिएको शक्षिाको अर्थ बुझाउन सक्नुपर्छ। यसमा सरकारको केही भूमिका छैन, आफैले आफ्ना भाइबानीहरूलाई सही तरिकीले मार्ग दरशन गराई उत्साहित गराउनु पर्ने जस्तो लाग्छ, साथै बेरोजगोरका लागि पनि प्रभावपरक मार्ग दर्शन हुनुपर्छ। एउटा नानीले समयसापेक्ष सही संस्थानबाट उचित शिक्षा प्राप्त गर्न सक्दा परिवार, समाज तथा देशका लागि ठुलो टेवा भइहाल्छ। या काममा पनि सङ्गठनको प्राथमिकता हुनुपर्छ। अन्यथा समाजलाई एक काँधे विकासले मात्र पुग्दैन।

(9) राजनीतिक रूपमा एकत्रित हुन नसकेको तथा एकत्रित भई राजनीति गरेर हारेको जाति सामाजिक रूपमा एवम् जातीयताको गुटबन्धीमा गुजल्टिएको जाति नेपालीभीषीले रैथानेको प्रमाणपत्र माग्न भिड्न सक्छ। तर सुप्रिम कोर्टको भार्डिक्टलाई पनि मनन गर्नु पर्ला। पुन पनि के भन्न मन लाग्छ– मेडिकेल कलेज,इन्जिनियरिङकलेज,आइटिआईमा नेपालीभाषीका लागि पनि (चिया श्रमिकलाई जस्तो) सिट रिजर्भ गराउने, नेपाली भाषा पठनपाठन र संस्कृति संरक्षणका लागि पर्याप्त प्रावधान गराउने मुद्दा पनि समेट्दा हुने हो। जयहोस्।

# कालेबुङ नगरवासीलाई अपीलः नारायण गजमेर

**कालेबुङ।** आजभन्दा ६० वर्षअघि मैले कालेबुङ नगरपालिकामा पहिलोपल्ट चुनाउ भएको देखेथे। त्यस समय नगरपालिकाभित्र पर्ने घरका मालिकले मात्र मत प्रयोग गर्ने अधिकार थियो। तर पछि १९६२–सालमा यो प्रथा हटाइएर नगरपालिका क्षेत्रमा बस्ने सबै जनसाधारणलाई आफनो मताधिकार प्राप्त भयो।

त्यस समयमा चुनिएका वार्ड कमिश्नरलाई सिटी फादर भनिन्थ्यो। त्यसताकका वरिष्ठ अधिवक्ता स्व. मदन कुमार प्रधान, नगराध्यक्षको पदमा थिए भने स्व. ओम्कार मल मिन्त्री उपाध्यक्षको पदमा थिए। समाजका कर्मठ अनि प्रतिष्ठित व्यक्तित्व कालेबुङ नगरपालिकामा नगरवासीले विजयी गराएर उनिहरूलाई सिटी फादरको रूपमा पठाइन्थ्यो अनि उनिहरूले पनि आफनो कालेबुङ नगरपालिकाको कार्य खुबै निष्ठाको साथ इमानदारीपूर्वक गर्ने गर्थे। त्यसपछि एस के प्रधान, डा. बीबी बराल, टिपी हिस्से, अर्जुन प्रधान, आदिले नगराध्यक्ष अनि उपाध्यक्ष, कमिश्नरको पदमा रहि कालेबुङ नगरपालिकालाई सुचारू रूपले आफ्नो कर्त्तव्य निभाएका थिए जसको आज पनि त्यससमयका नगरवासीले सम्झनासाथ सराहना गर्छन्।

यति मात्र नभएर शिक्षाविद्, प्राचार्य एवं दार्जीलिङ जिल्ला परिषदका पूर्व अध्यक्ष पी आर प्रधान सरले हामीलाई त्यस समय कालेबुङ नगरपालिकामा कस्ता–कस्ता व्यक्तिहरूले आफनो जिम्मेवारी निभाउँथे त्यस विषयमा हामीसँग अझ पनि रोचक कुराहरू गर्नु हुन्छ।

तर १९८६ पछिको कालेबुङमा पानी, बिजुली, प्रशासन पक्षका सम्बन्धित विभाग ादिको क्रियाकलाप अनि मुख्य रूपमा नगरपालिकामा कस्ता–कस्ता कूर्सी ओगटने र आफनो मात्र स्वार्थ हेर्ने र नगरपालिका कसरी, कस्तो प्रकारले चलाएर आए सचेत नागरिक र साधारण नागरिकको आँखाबाट ओझल भएको छैन। ३१ वर्ष भित्रमा कालेबुङ शहको विकास–उन्नति के कति भयो सर्वविदितै छ।

कालेबुङ समयमा सुन्दर र फराकिलो टाउँ थियो। तर समयसितै यहाँको जनसंख्या बढ़ेर कहाँ पूगि सक्यो। बाहनहरू सित जनसंख्या बड़ेकोले कालेबुङ साघुँरिएर कोचरिन्दै गएको छ। यहाँ सम्बन्धित विभागहरूबाट नागरिकले पाउनु पर्ने हक, अदिकार, सुख–सुविधा प्रायः शून्य छ। हामीसँग नगरपालिको उन्नतिको निम्ति कुनै ठोस योजना छैन। ती सबै हुनुको मुख्य कारण हामीले यो ३१ वर्ष भित्रमा कुनै त्यस्तो योग्य व्यक्तिलाई पठाउन सकेनौ। भूल जनसाधारणको पनि प्रचुर मात्रामा भएको छ। अब हामीले यस प्रकारको ३१ वर्षे भुलहरू दोह्गोउनु हुँदैन।

यसपालिको नगरपालिका चुनाउ अति रोचक र कड़ा छ। म एक वरिष्ठ नागरिक एवं समाज सेवक भएको नाताले म, हामी सम्पूर्ण कालेबुङ नगरवासीलाई जम्ल्याह हात जोड़ी नम्रनिवेदन गर्दै यसपालि पनि विगतका वर्षहरूको भूल नदोह्गोउ। पैसा र विभिन्न सहुलियतको प्रलोभन न फँसी हामीले सही व्यक्ति जसले कालेबुङलाई विकास गर्न सक्छन्, कालेबुङको सुन्दर, नगरवासीको सुन्दर भविष्यलाई साकार बनाउन सकने व्यक्तिलाई विजयी तुल्याउ।

# जस्टिनको सुरक्षामा सलमानका बडिगार्ड शेरा




चर्चित क्यानेडियन पप गायक जस्टिन विवर भारत आइपुगेका छन्। उनी, मंगलबार राती भारत आइपुगेका हुन्। उनलाई मुम्बईको अन्तरराष्ट्रिय विमानस्थलमा फ्यानले लगभग १० घण्टा कुरेका थिए। जस्टिन विमानस्थलबाट बाहिर आउँदै गर्दा फ्यानले हुटिङ गरेर स्वागत गरेका थिए। जस्टिनले आज मुम्बईमा भव्य कन्सर्टमा सहभागीता जनाउँदैछन्। जस्टिनका लागि कडा सुरक्षाको व्यवस्था गरिएको छ। उनलाई विमानस्थलमा कड़ा सुरक्षा दिएर होटलसम्म पुऱ्याइएको थियो। जस्टिनको सुरक्षाका लागि सलमान खानका प्रमुख बडिगार्ड शेरा पनि खटिएका थिए।

मिडियाका अनुसार जस्टिनको कन्सर्टपछि उनलाई चर्चित सुपरस्टार शाहरूख खान र सलमान खानले पार्टीको आयोजना गर्नेछ। क्यानेडियन स्टारको विश्वभर करोड़ौं फ्यान छन्।

# बोइलर कुखुराको मासु खानेले जान्नै पर्ने यी तथ्य



यदि तपाईं कुखुराको मासु सेवन गर्न रुचाउनुहुन्छ र बजारमा उपलब्ध बोइलर खरिद गर्नुहुन्छ भने सोच्नुहोस्। स्वास्थ्य बचाउने कि स्वाद? अप्राकृतिक ढंगले उत्पादन गरिएको कुखुराको मासुले हाम्रो स्वास्थ्यमा गंभिर समस्या निम्त्याउँछ। छोटो अवधीमा हुर्काइने बोइलर कुखुराको मासु सकेसम्म सेवन नगरेकै राम्रो। कारण यस्तो छः–

- ❑ एकसाथ सैयौं बोइलर कुखुरा पालिएको हुन्छ। त्यसमध्ये कुनै न कुनैमा रोगको संक्रमण हुन्छ। त्यसैबाट अन्य कुखुरा पनि संक्रमित हुन्छन्।
- ❑ बोइलर कुखुराहरूको रोग प्रतिरोधात्मक क्षमता अत्यान्तै कम हुन्छ। त्यसैले उनीहरूलाई एन्टि बायोटिक इन्जेक्सन दिइन्छ, ताकि एन्टिबायोटिक क्षमता बृद्धि होस्। हामी त्यस्तै इन्फेक्सनले ग्रस्त कुखुराको मासु सेवन गरिरहेका हुन्छौं।
- ❑ अध्ययनहरूमा पाइएको छ कि, बोइलर कुखुरामा हाइ कोलोस्टर पाइन्छ। यसले क्यान्सरको खतरा समेत बढ़ाउँछ।
- ❑ व्यवसायिक हिसाबले पालिने कुखुरालाई छिटै हुर्काउनका लागि केहि रसायन र औषधी प्रयोग गरिन्छ। त्यसैले बोइलर कुखुरा सेवन गर्दा त्यसले हाम्रो शरीरलाई पनि सोझो असर गर्छ।
- ❑ बोइलर कुखुरा सेवन गर्दा फुड पोइजनको भय हुन्छ।

## विचित्र दुनियाँ

# अमेरिकी कछुवाले जापानमा आपत्



अमेरिकाबाट झण्डै ५० वर्षअघि ल्याइएको कछुवा अहिले जापानको टाउको दुखाइएको विषय बनेको छ। आयातित प्रजातिको 'स्न्यापिङ कछुवा'–को संख्या यतिधेरै बढ़ेको छ की त्यसले जापानको नाजुक पारिस्थितिकीय पद्धतिमै खतरा पैदा गरेको छ। सन् १९६० मा घरपालुवा जनावरको रूपमा अमेरिकाबाट यो प्रजातिको कछुवा जापानमा ल्याइएको थियो। त्यसमध्ये केही कछुवा जंगलमा छाड़ियो। ती छाड़िएका कछुवा यति तिब्र गतिमा प्रजनन गर्न सफल भएकी १० वर्ष अघि चिवा क्षेत्रमा मात्रै १ हजार कछुवा थिए। यो प्रजातिको कछुवालाई जापानमा मिचाहा प्रजातिको रुपमा सूचिकृत गरिएको छ। यो कछुवाले माछा, चरा तथा घाँसपात समेत खान्छ। यसले व्यवसायिक रुपमा मत्स्यपालन गरिएका तथा अन्य कृषिभूमिमा गएर समेत क्षति पुऱ्याउने गरेको छ।

अघिल्लो महिना स्थानीय मानिसहरूले ४४ वटा कछुवा पक्रेका थिए। वातावरण मन्त्रालयले अहिलेसम्म ३ हजारवटा यस्ता कछुवा पक्रेर खोरमा राखिसकेको छ। वातावरणविदअनुसार, यो कछुवाले ठूलो क्षति पुऱ्याएको छ। यो कछुवा एक मिटरसम्म लामो र ३५ किलोसम्म ओजन भएको हुन्छ। यसले मानिसलाई समेत टोकेर गम्भीर घाउ बनाइदिन सक्छ। अहिले पनि यसले केटाकेटीलाई टोकेर घाइते बनाइदिने गरेको छ।

# 'बाहुवली २' हिट भएपछि प्रवासले पारिश्रमिक बढ़ाए

विश्वभरीबाट १ हजार करोड़ कमाउन सफल भइसकेको चलचित्र 'बाहुवली २'–का नायक हुन् प्रवास। यो चलचित्र रिलिज भएपछि उनको कामको चौतर्फी तारिफ भएको छ। प्रवासले दोहोरो भूमिकाका लागि आफ्नो ओजन समेत बढ़ाएका थिए। एसएस राजमौलीको निर्देशनमा तयार भएको यो चलचित्रमा प्रवासले गरेको अभिनय र मिहिनेत तारिफयोग्य पनि छ। यो चलचित्रले बम्पर कमाई गरेपछि साउथका सुपरस्टारले पारिश्रमिक समेत वृद्धि गरेको खबर सार्वजनिक भएको छ। यो चलचित्रका लागि उनले २५ करोड़ पारिश्रमिक लिएका थिए। अब, पारिश्रमिकमा उनले ५ करोड़ वृद्धि गर्दै ३० करोड़ माग्न थालेको मिडियाले उल्लेख गरेका छन्।

चलचित्र 'बाहुवली २'–का लागि प्रवासले २५ करोड़, अनुष्का सेट्टी र तमन्ना भाटियाले ५–५ करोड़ पारिश्रमिक लिएका थिए। चलचित्र बम्पर हिट भएपछि प्रवास अहिले मलेसियामा आराम गर्न पुगेका छन्। उनको अहिले बलिउड नगरीमा समेत डिमाण्ड बढ़ेको छ।

## अक्षराभ्यास ७६३

अक्षराभ्यास ७६२–को समाधान

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ला | मो | | | त | क | लि | फ |
| मि | | क | म | स | ल | | रि |
| छा | | मा | इ | ली | | का | या |
| ने | पा | ल | | मा | | फ | |
| | इ | | भा | | घ | रे | लु |
| फु | ला | | इ | ला | म | | क |
| रौ | | झा | र | ख | ण्ड | | सा |
| लो | क | पा | ल | | | ची | न |



**समाधान सङ्केत**

तेर्सो

१. सिपालु, खप्पिस(२)
२. हिन्दी खलनायकको नाम(३)
५. एक जलपात्र(३)
६. एक फेसन(२)
७. एक रङ्ग(२)
९. एक चियाबगान(३)
१०. शरीरको एक तरल(३)
१३. शितल ठाउँ(३)
१५. बिल्लिएको मिलन(३)
१७. नोक्सानको हानी(२)
१९. खुट्टाले हिर्काउने(२)
२०. नामी खेलाड़ी(२,१)
२१. बस्ने चौकी(३)
२२. काट्ने हतियार(२)

ठाड़ो

१. नेपालको मनोरम ठाउँ(३)
२. उद्योगको काम हुने ठाउँ(४)
३. दूधको एक प्रकार(२)
४. अँगालो मार्ने काम(४)
६. समयको क्षण(२)
८. पड्किने हतियार(२)
९. खेलौनाको एक प्रकार(३)
११. बाहेक(३)
१२. एक गोर्खा स्वाधीनता सेनानीको नाम(४)
१३. राजगद्दी(४)
१४. उद्देश्यको लाख(२)
१६. बानीको अम्मल(२)
१८. अमिलो पदार्थ(३)
२०. सफाइको सामग्री, बुरुस(२)